समृद्धिका लागि उत्पादन वर्ष २०७५
उत्पादनमा मेरो साथ !
बस्दिन म खालि हात !!

# बेलका नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## रामपुर, उदयपुर

belakamun@gmail.com

प्रदेश नं.१ नेपाल

प. सं.:- २०७५/०७६
च.नं.: - ५२४

मिति २०७५/०६/०९

## कार्यक्रम संचालनका लागी प्रस्ताव पेश गर्ने बारे सुचना !!!

यस नगरपालिकाको चालु आ.ब. २०७५/७६ को स्वीकृत कार्यक्रम अनुसार उत्पादन वर्षमा संचालन गरिने विभिन्न क्लष्टर तथा चक्लाबन्दी कार्यक्रम संचालन गर्न इच्छुक कृषि सहकारी संस्था, कृषक समुह, निजी कृषि उधमी र टोल बिकास संस्थाहरुले गर्न चाहेको बाली, सिंचाई र उपकरणहरु प्याकेजमा कम्तीमा एउटा प्याकेज ५ हेक्टर क्षेत्रफलमा संचालन गर्नु पर्ने हुँदा खेती गर्न चाहेको बाली र १ बर्षको बाली पात्रो सहित तपसिलमा उल्लेखित आबश्यक कागजातहरु संलग्न राखी मिति २०७५/०६/२४ गते भित्र बेलका नगरपालिका कार्यालय रामपुरमा प्रस्ताव पत्र पेस गर्न सम्पुर्ण कृषक महानुभावहरुमा जानकारीको लागी यो सुचना प्रकासन गरिएको छ साथै संचालन गरिने कार्यक्रमको विवरण समेत प्रकासित गरिएको र उक्त कार्यक्रमको लागि नगरपालिकाले तोकिए बमोजिम अनुदान उपलब्ध गराइने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपसिल**

१ समुह तथा सहकारी दर्ता प्रमाण पत्र प्रतिलिपि ।
२ संस्था दर्ता भइ एक आर्थिक पुरा भएको ।
३ गत आ.व.को लेखा परिक्षण प्रतिबेदन सहकारीको लागी मात्र ।
४ समुह र सहकारीले कृषि क्षेत्रमा गरेका उल्लेखनिय कार्यहरुको विवरण ।
५ उपभोग गरेको जग्गाको क्षेत्रफल सहितको समुह/सहकारीका सदस्यहरुको विबरण ।
६ उपभोग गरेको जग्गा धनी पुर्जाको फोटोकपि यदि पुर्जा नभएमा सम्बन्धित वडा कार्यालयले प्रमाणित गरेको क्षेत्रफल विवरण र लिजमा लिनुपर्ने भएमा जग्गावालाको मन्जुरीनामा ।
७ खेती गर्न चाहेको जग्गा एउटै क्लष्टरमा हुनुपर्ने ।
८ कार्यक्रममा अग्रिम ५०% लगानि गर्न सक्ने प्रतिबद्दता ।
९ खेति गर्न चाहेको वालिको नाम र वर्षभरी गरिने खेति विवरण ।
१०. निजि कृषि उधमीको हकमा उद्योग दर्ता प्रमाण पत्रको प्रतिलिपि, नागरिकताको प्रतिलिपि, उपभोग गरेको जग्गा धनी पुर्जाको फोटोकपि यदि पुर्जा नभएमा सम्बन्धित वडा कार्यालयले प्रमाणित गरेको क्षेत्रफल विवरण र लिजमा लिनुपर्ने भएमा जग्गावालाको मन्जुरीनामा, पासपोर्ट साइजको फोटो २ प्रति ।
११. सम्बन्धित वडा कार्यालयको सिफारिस ।
१२. विदेशवाट फर्केका युवाहरुको हकमा पासपोर्टको फोटोकपी अनिवार्य हुनुपर्नेछ ।

पुष्कर भट्टराई
प्रमुख प्रशासकिय अधिकृत